# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।३१ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनमा कार्यरत लेखा अधिकृत अमृता कोइरालाले औषधि आपूर्तिको बिल भुक्तानी दिए वापत सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निज लेखा अधिकृत अमृता कोइरालालाई सेवाग्राहीबाट नगद रु.१,५०,०००।– (एक लाख पचास हजार रुपैयाँ) र रु.४,५०,०००।– (चार लाख पचास हजार रुपैयाँ) को चेकसहित घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनमा कार्यरत लेखा अधिकृत अमृता कोइरालाले बिभिन्न बहाना बनाई आर्थिक वर्ष २०८०/०८१ मा बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनमा औषधी सप्लाई गरे वापत नियम अनुसार पाउनुपर्ने रकमको भुक्तानी दिनका लागि सेवाग्राहीसँग रु.६,००,०००।—(छ लाख रुपैयाँ) घुस/रिसवत माग गरी नगद रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैया) र रु.४,५०,०००।- (चार लाख पचास हजार रुपैयाँ) को चेकसमेत गरी जम्मा रु.६,००,०००।—(छ लाख रुपैयाँ) लिएको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.६,००,०००।—(छ लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन र निजले सेवाग्राहीसँग मिति २०७९।०२।२८ गते रु.४४,०००।—(चौवालीस हजार रुपैयाँ) र पुनः मिति २०७९।०७।०६ गते रु.६०,०००।—(साठी हजार रुपैयाँ) गरी जम्मा रु.१,०४,०००।- (एक लाख चार हजार रुपैयाँ) समेत लिएको देखिएकोमा निजले सापटी लिएको उल्लेख गरेतापनि उक्त रकम दुई बर्ष भन्दा बढी समय भइसक्दा समेत फिर्ता गरेको नदेखिएको हुँदा निजले रकम भुक्तानी गर्नुपर्ने दायित्व रहेको सेवाग्राहीसँग ब्यवसायिक आचरण विपरीत आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कामसँग सम्बन्धित ब्यक्तिसँग रु.१,०४,०००।-(एक लाख चार हजार रुपैयाँ) सापटी लिएको पुष्टि हुन आएको हुँदा निज अमृता कोईरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,०४,०००।—(एक लाख चार हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) बमोजिम कैद गरी बिगो जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे